# लिखु गाउँपालिकाको आ.व.२०७८/०७९ को

# बजेट बक्तव्य

**लिखु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**यसम, ओखलढुंगा**
**प्रदेश नं.- ०१**


**प्रस्तोता**
**शान्ता ढुंगेल**
उपाध्यक्ष

# लिखु गाउँपालिकाको आ.व.२०७८/०७९ को बजेट बक्तव्य

आदरणीय सभाध्यक्ष ज्यू,

१. यस गरिमामय सभामा लिखु गाउँपालिकाको उपाध्यक्षको हैसियतले नेपालको संविधान बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गरिरहँदा गौरव महसुस गरेको छु । नेपाली जनताले लामो समय देखी परिवर्तनको निम्ति गरेको गौरवपूर्ण आन्दोलनहरु, जनयुद्ध, जनआन्दोलनका कारण प्राप्त उपलब्धिको रुपमा स्थापना भएको स्थानीय सरकारको जनप्रतिनिधि तर्फबाट गरिमामय सभामा नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०७८/०७९ को वजेट प्रस्तुत गर्न पाउनु आफैमा गौरवपूर्ण कार्य हो । यस अवसरमा नेपालको राजनितिक विकास र सामाजिक रुपान्तरणको क्रममा भएका विभिन्न संघर्षमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पुर्ण महान शहिदहरु बेपता तथा घाइते योध्दाहरु र वहाँहरुको परिवारजन लगायत आम जनसमुदायमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु । हाल विश्वव्यापी डरलाग्दो महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण देशभित्र र देश बाहिर ज्यान गुमाउने नेपालीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। कोभिड-१९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै कोभिड-१९ लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना ब्यक्त गर्दछु । कोभिड-१९ महामारीको यस विषम परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक र महामारी रोकथाम, नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारीको उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्तिलाई सहज बनाउन योगदान गर्ने अन्य देश व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु। कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२. समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि योगदान गर्न लिखु गाउँपालिकाको दृष्टि सुशासन मार्फत समृद्धि भन्ने मुल नारका साथ अगाडि बढ्ने गन्तव्य हाम्रो गाउँपालिकाको रहेको छ ।

३. आगामी आर्थिक वर्षमा लिखु गाउँपालिकाको स्थानीय सरकारले सर्वसाधारण जनतालाई प्रत्यक्ष अनुभुति हुने खालका योजनाहरुलाई सहजै कार्यान्वयन गर्नका लागि ऐन कानूनहरु बनाई कार्यान्वयनमा लगिएको छ ।

४. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान आवधिक योजना, विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्राथमिकता, जन अनुमोदित स्थानीय सरकारको नीति तथा कार्यक्रम दिगो विकासका लक्ष्य, स्थानीय सरकारको प्राथमिकताका सुझावहरु मार्गदर्शनका रुपमा लिएको छु । विभिन्न नागरिक समाज, बुद्धिजिवी , सम्पर्ण सरोकारवाला तथा कर्मचारी वर्गहरुले दिनु भएको सुझावलाई समेत ध्यान दिएको छु ।

सभाध्यक्ष ज्यू

अब म स्थानीय सरकारको आर्थिक अवस्थाको यथार्थ जानकारी गराउन चाहान्छु ।

५. संघीय/प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजस्व बाडँफाड, सशर्त अनुदान र आन्तरिक आयलाई परिचालन गरि यस गाउँपालिकाका कार्यक्रमहरु संचालन गरिने छ ।

६. मैले मिति २०७७।०३।१० गते प्रस्तुत गरेको चालु आर्थिक वर्षको वजेट अनुमान मध्ये आ. व. २०७७ /०७८ को कुल अनुमानित वजेट ४४ करोड ८ लाख ९५ हजार ८ सय ५१ रुपैंया मा यसमा चालु तर्फ विनियोजित ३१ करोड १८ लाख ८५ हजार ९० रुपैँया, पूँजीगत खर्च तर्फ विनियोजित १२ करोड ९० लाख १० हजार ७ सय मध्ये कुल बजेटको ८६% प्रतिशत खर्च हुने अनुमान यस गरिमामय सभामा जानाकारी गराउन चहान्छु ।

सभाध्यक्ष महोदय,

७. अब म स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेट उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहान्छु। यस वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन्।

क) गाउँ बासिहरुको गरिबी न्युनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्युनतम आधारभुत आवश्यकताहरुको परिपुर्ति गर्न।

ख) संघीय प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका स्रोत साधन, राजस्वको पहिचान र परिचालन गरि गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्न।

ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रेरित गर्दै भौतिक तथा सामाजिक पुर्वाधार तयार पारि समुन्नत, सुदृढ, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न।

घ) कृषि पशुपन्छी, उद्योग ब्यपार पर्यटन दिगो पुर्बाधार सिंचाई , खानेपानी विद्युत, ईन्टरनेट, खेलकुद, महिला विकास, क्रियाकलाप, दिगो पूर्वाधार सेवा संचालन वा विस्तार गर्नु।

ङ) कोभिड-१९ महामारी लगायत अन्य बिपदका अबस्था सँग लड्न सक्ने स्वास्थ्य क्षेत्र साथै प्रशासनिक संरचना चुस्तदुरुस्त गरि रिक्त दरबन्दी पदपूर्ती गरिनुका साथै क्षमता विकास गर्नु।

८. आर्थिक वर्ष २०७८/०७९   का प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु।

क) स्थानीय तह भित्रको शिक्षा, स्वास्थ्य आवास र रोजगारी जस्ता आधारभुत मानवीय आवश्यकताहरुको परिपुर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन।

ख) उच्च, दिगो र फराकिलो आर्थिक वृद्दिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत तथा उधोग लगायतका क्षेत्रमा पुँजी विकास परिचालन।

ग) भौतिक सामाजिक पुर्वाधारहरुको विकास गरि सडक विस्तार जलविधुत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार।

घ) कोभिड-१९ लगायतका महामारी विपद लाई मध्यनजर गरि त्यस बाट पर्ने असरलाई न्यूनिकरण गर्नु।

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकम उपयोग गरि महिला बालबालिका, पिछडिएका क्षेत्र, समूदायलाई लैंङगिक समानता तथा सामाजिक समावेशी करण दिगो विकास बातावरण संरक्षण तथा सम्बर्धन गर्न भासिक तथा सामाजिक पक्षको जगेणा र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने।

च) उत्पादन मूलक छिटो प्रतिफल दिने जनताको जीबन स्तर आन्दानी तथा रोजगारी बढ्ने स्थानीय सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आर्थिक विकास, गरिबी निवारणमा प्रतक्ष्य योगदान पुर्याउने।

छ) स्थानीय सरकारको आधार सुशासन नैतिक र सदाचार भन्ने अभिप्रायका साथ आम नागरिकलाई गुणस्तरिय, परिणाममुखि, छिटो छरितो सेवा प्रदान गर्न।

ज) प्राकृतिक प्रकोपको न्युनिकरण र पर्यावरणीय संरक्षण गर्न।

सभाध्यक्ष ज्यू,

यस स्थानीय सरकारले वजेटको उद्देश्य हासिल गर्न, प्राथमिकतालाई कार्यान्वयन गर्न, सघं र प्रदेश सँग सहकार्य, समन्वय र साझेदारी गर्नेछ।

सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित प्रस्तुत गर्न गई रहेको छु।

## कृषि र पशुपन्छी :

९. कृषि रोजगारीको बिकास मात्र नभई  बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा बिकास गरी पुर्ण रुपमा व्यवसायीकरण र औधौगिकिकरण गर्दै लगिनेछ।

१०.स्थानिय तहलाई खाधान्नमा आत्मनिर्भर बनाई अन्य  स्थानिय कृषि जन्य उत्पादनको मागलाई समेत आपुर्ति गर्न सक्ने गरी कृषिको कार्यक्रमहरु संचालन गरीनेछ।

११.स्थानिय तहमा रहेका बाझा जमिनहरुलाई उपयोग गर्ने करार खेतीको माध्यमवाट खेति प्रणालीको बिकास गर्ने निति लिईनेछ। गरिबीको चपेटामा पिल्सिएका नागरीकलाई बाझो जमिनहरु जोतेर कृषि  उत्पादनमा रहने तर्फ  डोहोर्याउने ५ कृषि उत्पादनमा स्थानिय  वडा समिति सँग उचित समन्वय र सहकार्य गरि उत्पादन गरौँ गाउँपालिका सम्वृद्ध बनाऔ।

१२.कृषि पेशामा किसानहरुलाई आकर्षित गर्ने उदेश्यले स्थानिय सरकारले कृषि अनुदान कोषको व्यवस्था गरि बालि बिमा र पशुपक्षी विमा गरिनेछ।

१३.स्थानीय तहमा रहेका कृषि र जडीवुटी  सम्बन्धी  अनुसन्धान केन्दहरुलाई स्तोन्नति गरि परिचालन गरिनेछ।

१४.स्थानीय पालिकाको सबै भुमिको  माटो परिक्षण गरि माटो सुहाउदो वाली लगाउन कृषकलाई प्रोत्साहन गरिनेछ। किसानको लागि आवश्यक पर्ने विउ बिजन  उत्पादन र बितरण गर्ने व्यवस्था मिलाइनेछ।

१५.नगदेवाली, अलैची, अदुवा,बेसार तथा फलफुलहरु उत्पादनमा विशेष क्षेत्रको रुपमा बिकास गरिनेछ।

१६.गाउँपालिका भित्र औधोगिक ग्राम स्थापना गर्दै लगिनेछ।

१७.स्थानिय तहका जनताहरुको खाद्य सुरक्षा तथा नागरिकको पोषण सुरक्षाको प्रत्याभुति गर्नको लागि आवश्यक कार्यक्रम ल्याइने छ। पकेट बिकास कार्यक्रम संचालन गरि बाख्राको साना व्यबसाय कृषि उत्पादन पकेट विकास कार्यक्रम संचालन गरिनेछ।

१८.दीर्घकालिन बिषादी मुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगरिक  किटनाशक बिषादी उत्पादन गर्ने तर्फ किसानहरुको बिचमा बिशेष अभियानका कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

१९.गाउँपालिका क्षेत्रभित्र कम्तिमा एउटा कोल्ड स्टोर  स्थापाना गरि संचालन गरिनेछ।

२०.स्थानिय तहलाई माछा मासु तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाई निर्यातयोग्य वस्तुको रुपमा बिकास गर्न पशुपालनको क्षेत्रमा संभाव्यता अध्ययन गरि उल्लेखित क्षेत्रमा पशु बीमा गरिनेछ र उत्पादकत्व रोजगार,राजस्वमा पुग्ने योगदानको आधारमा निजि क्षेत्रमा संस्थालाई प्रोत्साहन गरिनेछ। कृषि संकलन केन्द्रको व्यबस्था गरिएको छ।

२१.स्वस्थ र सुरक्षित मासु उपभोग गर्नका लागि गाउँपालिका भित्रको मुख्य स्थानहरुमा पशु बधशाला स्थापना गर्न  अनुदान दिइनेछ। साथै स्वस्थकर मासु बिक्री बितरण  गर्ने मासु पसल संचालनको लागी मापदण्डका आधारमा अनुदान उपलव्ध गराइनेछ।

२२.माथी उल्लेखित कृषि र पशुपन्छीसँग सम्वन्धित कार्यक्रमहरु संचालन  गर्नका लागि जम्मा १ करोड ५२ लाख ७४हजार बिनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

**पर्यटन:**

**२३.** लिखु गा.पा. भित्र रहेका सम्पुर्ण पर्यटकिय स्थलहरुलाई पुर्वाधार निर्माण गरी व्यवसायिक रुपमा लगानी गर्न निजि क्षेत्र तथा सहाकारीहरुलाई प्रोत्साहन गरिनेछ।

**२४.** प्राकृतिक प्रकोपको बिपतको समयमा मानबिय उदार गर्नका लागि स्थानिय वडाहरु उपयुक्त स्थानहरुमा हेलिप्याड निर्माणलाई अगाडी वढाई भइरहेकालाई प्राथमिकता दिइनेछ।

**२५.** पालीका भित्र रहेका स्थलहरु पोकली झरना, भोल्टेकोट, रामेश्वर पशुपति मन्दिर, ढुंङ-ढुंङे मन्दिर, नर्मदेश्वर महादेव स्थान मन्दिर, माटे गुप्तेश्वर महादेव मन्दिर र दुग्धेश्वर महादेव मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।

**२६.** पर्यटकीय बिकासको लागि मुख्य स्थलहरु आसपास होम स्टेहरु संचालन गर्न प्रोत्साहन गर्ने र संघ प्रदेश सँगको सहकार्यमा पर्यटन कार्यक्रम संचालन गरिनेछ। जसका लागि ३० लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**जलस्रोत तथा उर्जाबिकास :**

**२७.** तत्कालीन उर्जा बिकासको लागि स्थानिय स्तरमा रहेका साना जलबिधुत उत्पादनमा प्राथमिकता दिइ मापदण्ड निर्धारण गरी प्राथमिकताका आधारमा अनुदान उपलब्ध गराइनेछ।

**२८.** वैकल्पिक उर्जा अन्तर्गत वायु ग्यास प्रबिधिको बिकास गर्न उपभोक्तालाई निश्चित मापदण्डका आधारमा वायो ग्यास स्थापना र संचालन गर्न अनुदान उपलब्ध गराइनेछ।

**२९.** उर्जा सम्बन्धी जलस्रोत बिकासका लागि १२ लाख ३० हजार नियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू

**गरिबी तथा बेरोजगारी :**

**३०.** नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हक तथा सम्बन्ध, नितिहरुका साथै दिगो बिकासको लक्ष्य अनुसार गरिवी घटाउने कार्यका लागि समेत स्थानिय सरकारले आवश्यक रणनिति र कार्यनितिहरु तय गरी संचालन गरिनेछ।

**३१.** गरिवी निवारण तथा सामुदायिक बिकासमा संलग्न संघ सस्थाहरु सँग समेत समन्वय र सहयोग जुटाउदै एक द्धार प्रणालीवाट गरिवी निवारणसँग सम्वन्धित परिणाममुखि कार्यक्रम गर्ने नीति लिइनेछ।

**३२.** गाउँपालिका क्षेत्रभित्रका बिपन्न तथा गरिव युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सृजना गर्न आत्मनिर्भर गराउन बिभिन्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ । बेरोजगार यूवालाई यूवा रुपान्तरण कार्यक्रम संचालन गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ। जसका लागि ८१ लाख ५० हजार विनियोजन गरेको छु ।

**३३.** गाउँपालिका भित्र रहेका प्राकृतिक साधन र स्रोतलाई अधिकतम सदुपयोग गर्दै घरेलु तथा साना उधोग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

**३४.** स्थानिय सीप स्रोत जनशक्ति, साधनलाई प्रयोग गरि खाडी, अल्लो, ढाका, सिलाई कटाई ढाका बुनाई जस्ता सिपमुलक उत्पादन गर्न विपन्न, गरिब महिलाहरुलाई प्राथमिकता दिई अनुदानको व्यवस्था मिलाइएकोछ।

**३५.** उधोग तथा सिप बिकास क्षेत्रका लागि रु ५१ लाख ५० विनियोजन गरेको छु ।

**३६.** तालीम संचालन गर्नको लागि २९ लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**सहकारीः-**

**३७.**गाउँपालिकाको विकास र समृद्धिको मार्गलाई अगाडि बढाउनको लागि तीन खम्बे अर्थ नीतिको मूल ध्येयलाई आत्मसाथ गर्दै निजी-सरकारी-सहकारी क्षेत्रको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न सहकारी क्षेत्रको विकास र उनन्यन तथा प्रवर्द्धन साथै सहकारीलाई कृषिमा जोड्नको लागि बिभिन्न उपभोग्य सामाग्रीको व्यवस्थापन गर्नका साथै समग्र सहकारी क्षेत्रको निकासका लागि ५ लाख बजेट विनियोजन गरेको छु ।

**लैंगिक समनता तथा सामाजिक समावेशीकरणः-**

**३८.**लिंगको आधारमा हुने विभेदको अन्त्य गर्दै सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न र सोही बमोजिमको कार्यक्रम सञ्चालन गर्न साथै समाजमा देखिएका लिङ्गको आधारमा गरिएका भेदभाबलाई न्यूनिकरण गर्नको लागि छोरी मात्र जन्माई बन्धाकरण गर्ने दाम्पतिलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

**३९.**बिभिन्न दिवशहरु मनाउनको लागि साथै महिला सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिईनेछ। सुत्केरीहरुलाई थप जोखिमलाई न्यूनिकरण गर्नको लागि सौलियत एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ।

**४०.**महिलाहरुको क्षमता अभिबृद्धि गरि आर्थिक पहुँचमा निरभर्ता बनाउनको लागि बिभिन्न चेतना मूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ। आमालाई खाना र शिशुलाई नाना कार्यक्रमको लागि बजेट बिनियोजन गरेको छु।

**४१.** सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरु जेष्ठनागरिक, वालवालिका वालविवाह, वहुविवाह, घरेलुहिंसा जस्ता समाजमा हुने विकृति सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट रु १६ लाख ९० हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**शिक्षा :**

**४२.** जीवनोपयोगी सिपमुलक शिक्षा प्रविधि युक्त शिक्षामा जोड दिई दक्ष जनशक्ति विकास गरिनेछ।

**४३.** बिद्यालय जाने उमेरका सवै बालवालिकाहरुको बिद्यालय भर्ना सुनिश्चित गरिनेछ।

**४४.**पालिका भित्रका सबै विद्यालयहरुका का.स. तथा बा.बि.के. हरुलाई तलब बृद्धि गरिएको छ।

**४५.**सुचना प्रबिधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पुर्वाधारको व्यवस्था मिलाइनेछ।

**४६.**गाउँपालिका सवै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट नै पठन पाठन गर्ने गराउने व्यवस्थालाई क्रमश सुरुवात गरिनेछ।

**४७.**प्राविधिक शिक्षालय स्थापना गर्नलाई संभाव्यता अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

**४८.**आवश्यकता अनुसारको दरवन्दी मिलान गर्दै लगिनेछ ।

**४९.**प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान निर्माण गरि संचालन गर्न खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ।

**५०.**पालिका स्तरमा व्यवस्थित खेल मैदान रङ्गशाला स्थापनाको लागि कार्य थालनी गरिनेछ।

**५१.**विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम तथा विद्यालयमा बिभिन्न कार्यक्रहरु स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**५२.** वालबिकास केन्द्रहरुलाई विशेष प्राथमिकतामा लिई आवश्यक स्रोत साधन सम्पन्न बनाई संचालनमा जोड दिइनेछ । र कर्मचारीहरुलाई थप तलबको व्यबस्था गरिएको छ ।

**५३.** कोभिड -१९ लाई मध्यनजर गरि शिक्षा मन्त्रालयले दिईएको मापदण्ड अनुरुप विद्यालय संचालनको लागि आवश्यक पूर्वाधार सामाग्रीको व्यबस्था गरिनेछ र बिद्यालयमा इन्टरनेट जडान गरिनेछ ।

**५४.** विद्यालयका सम्पुर्ण महिला किशोरीहरुको लागि सेनिटरी प्याड व्यवस्था गरिएको छ ।

**५५.** शिक्षा तर्फ माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नको लागि १२ करोड ७४ लाख ९९ हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

**स्वास्थ्य :**

**५६.** स्वस्थ नागरिक स्वस्थ पालिका भन्ने निति अवलम्वन गरिनेछ ।

**५७.** पालिका भित्रका जनताहरुको स्वस्थकर जीवनयापन गर्ने प्रणाली सुधार गरिनेछ ।

**५८.** सुर्ति तथा मदिरा जन्य पदार्थहरुको उत्पादन, बितरण समुचित ढंगले नियमन गरिनेछ ।

**५९.** पालिकामा प्रत्येक वडाहरुमा दक्ष जनशक्ति औषधी उपकरण, प्रविधि सहितको "एक वडा एक स्वास्थ्य संस्था अभियानलाई पुर्णता दिइनेछ ।

**६०.** पालिका भित्रका सवै नागरिकलाई नेपालको संविधानले प्रत्याभुति गरे वमोजिम स्वास्थ्य सेवाको पँहुचको सुनिश्रितता प्रदान गरिनेछ ।

**६१.** स्वस्थ शरीर र सकारात्मक सोच व्यक्तित्व बिकास गर्नका लागि ध्यान योग जस्ता कार्यक्रममा जोड दिइनेछ ।

**६२.** पालिका भित्रका जडिवुटी र औषधीहरुको सदुपयोग गर्दै औषधी प्रवर्धनमा जोड दिइनेछ ।

**६३.** यस स्थानिय तह अन्तर्गतका सवै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर स्थापना गरी यसै वर्ष भित्र संचालन योग्य वनाइनेछ ।

**६४.** वर्थिङ सेन्टरका लागि आवश्यक औजार उपकारणको व्यवस्था गरिनेछ ।

**६५.** आकस्मिक रुपमा दिइने प्रसुति सेवा जस्ता महत्वपुर्ण सेबालाई आवश्यक थप जनशक्तिको व्यवस्था मिलाइनेछ ।

**६६.** सवैका लागि निशुल्क आधारभूत स्वास्थ्यलाई सार्थक बनाउन स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण औषधीको प्रर्याप्तताको सुनिश्चितता गरिनेछ र स्वास्थ्य सुधार कार्यक्रमलाई निरन्तरता दिनेछ ।

**६७.** स्वास्थ्य संस्थाको खम्वाको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेबिकाहरुको निस्वार्थ र बिना पारिश्रमिक गरिएको अमुल्य सेवालाई उचित सम्मानका साथ प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**६८.** लिखु गाउँ पालिकालाई पुर्ण खोप सुनिश्चित गा.पा. घोषणाको कार्यक्रम गरिएको छ ।

**६९.** पालिकामा स्वास्थ्य विमा कार्यक्रम अनिवार्य तथा प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ ।

**७०.** आयुर्बेद घुम्ति शिविर कार्यक्रम गरिनेछ ।

**७१.** आयुर्बेदिक मातृ सुरक्षा कार्यक्रम साथै योग शिविर कार्यक्रम संचालन गरिनेछ ।

**७२.** स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार भौतिक सामाग्रीको व्यवस्था गरिनेछ ।

**७३.** स्बास्थ्य संस्थाहरुमा रहेका कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ ।

**७४.** कोभिड-१९ को अबस्थालाई मध्यनजर गरि अबरात्र खट्ने स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

**७५.** सरसफाई सम्बन्धी बिशेष कार्यक्रम संचालन गरि हरेक वडामा कम्तिमा २।२ वटा सार्वजानिक शौचालय "एक घर एक करेसा वारी" "एक घर एक फोहोर संकलन खाल्टो" "एक घर एक टोकरी" अभियानलाई पुर्णताका साथ कार्यान्वयन आवश्यक स्रोतको व्यवस्था गर्दै कार्यान्वियन गरिने छ ।

**७६.** स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि निम्न अनुसारको बजेट बिनियोयोजित गरेको छु। जस मध्ये स्वास्थ्य तर्फ ४ करोड ९६ लाख १८ हजार र आयुर्वेद तर्फ ४४ लाख ५० हजार गरी जम्मा स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि ५ करोड ४१ लाख ६८ हजार बजेट बिनियोयोजित गरेको छु।

सभाध्यक्ष ज्यू,

## पुर्वाधार विकास :

**७७.** भौतिक पुर्वाधार निर्माण सम्वन्धी गुरु अनुरुप प्राथमिकिकरण गर्दै आवश्यक बजेट सहितको व्यवस्था मिलाएको छु।

**७८.** गाउँपालिका क्षेत्रका सबै महत्वपुर्ण क्षेत्रहरुमा सडक संजालले जोड्ने व्यवस्था मिलाइनेछ।

**७९.** गाउँपालिकाका सवै वडा र भुगोललाई सम्बोधन हुने गरि स्तरउन्नति गर्ने केन्द्रीय मुल सडकलाई १२ महिनानै गाडी चल्न योग्य सडक निर्माणमा प्राथमिकताको साथ योजना कार्यन्वयन गरिने छ।

**८०.** गाउँपालिका क्षेत्रमा रहेका मुख्य-मुख्य सडक सँग जोडिएका महत्वपुर्ण खोलानालामा मोटररेवल पुल निर्माण कार्यलाई अगाडी बढाउन पहलकदमी गरिनेछ ।

**८१.** भौतिक पुर्वाधार सम्वन्धी दिगो बिकास संचालनार्थ गुरु योजना तयार गरि कार्यान्वयन गरिनेछ।

**८२.** गाउँपालिका, वडा, स्वास्थ्य चौकी, आयुर्वेद, औषधालय, आमा समूह सञ्जाल, खोप केन्द्र भवन र बिद्यालयहरुका लागि व्यवस्थित भवन निर्माणको लागि प्राथमिकताका साथ, औचित्यताका आधारमा मापदण्ड तयार गरि निर्माण कार्य संचालनको व्यवस्था मिलाइनेछ।

**८३.** अव निर्माण हुने भौतिक पुर्वाधारहरु अपाङ्ग मैत्री, वालमैत्री हुने सुनिश्चितताको प्रतिवद्धताका साथ आवश्यक व्यवस्था मिलाइनेछ। सुरिक्षित आवास कार्यक्रमको लागि बजेट विनियोजन गरि कार्यक्रम अगाडि बढाईने छ।

**८४.** यस गाउँपालिका सँग पश्चिम तर्फ जोडिएको लिखु खोलामा अत्यावश्यक स्थलहरु पक्कि पुल निर्माणमा पहल गरिनेछ साथै निर्माणाधिन पुलहरुको सिघ्र कार्य सम्पादनको लागि जोड दिइनेछ।

**८५.** पालिका भित्र रहेका खेती योग्य जग्गाहरुको लागि सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न संघ संस्थाहरुसंग साझेदारी गरी सिंचाई योजनाहरु संचालन गरिनेछ।

**८६.** मुख्य मुख्य सडक, पर्यटन, सिंचाईको लागि संघ प्रदेश सँगको साझेदारी कार्यक्रमहरु गरिनेछ।

**८७.** पालिका स्तरीय गौरवका योजनाहरुलाई कार्यान्वयन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

**८८.** पालिका भित्रका जनतालाई दिगो एवं व्यवस्थित र सरसफाई युक्त खानेपानीको व्यवस्था मिलाइनेछ।

**८९.** पालिका भित्र सम्पुर्ण घरधुरिमा एक घर एक धारा अभियानलाई अविलम्ब पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

**९०.** पूर्वाधार विकास अन्तर्गत १० करोड ९२ लाख ७० हजार बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

## वन वातावरण तथा विपद् व्यवस्थोन :

**९१.** पालिकाको सम्वृद्धिको लागि वन जंगलको सहि सदुपयोग गर्ने नीति अघि वढाइनेछ।

**९२.** पालिका क्षेत्र भित्र उत्पादन हुने जडिवुटी र वन पैदावर सँग सम्वन्धित उधोगहरु स्थापना गरिनेछ यस्ता उधोगमा सहकारी, निजि सहकारीको साझेदारी रहनेछ।

**९३.** जलवायु परिवर्तनको लागि स्रोत संरक्षणका कार्यलाई विशेष कार्यक्रमका साथ अगाडि वढाइनेछ।

**९४.** स्थानिय वातावरणको अनुकुलका वन पैदावारका बिस्तार विविधिकरण र वातावरण संरक्षणको व्यवस्था गरिनेछ। खालि जग्गाहरुमा वृक्षरोपनलाई प्रोत्साहन गरिनेछ।

**९५.** विपद् व्यवस्थापन कोषको लागि ३० लाख विनियोजन गरेको छु ।

**९६.** गाउँपालिका क्षेत्रमा सिंचाईको पहुँच नपुगेका क्षेत्रमा सिंचाईका न्युनतम आवश्यकतालाई प्राथमिकता साथ कार्यक्रम संचालन गरिनेछ। sip प्रवद्धधन गर्न विशेष वजेट व्यवस्था गरिनेछ ।

**९७.** नदि नियन्त्रणको आवश्कता पहिचान गरि आवश्यक व्यवस्था मिलाइनेछ। भू-क्षय अन्तरगतको कार्यक्रमको लागि १२ लाख बिनियोजन गरेको छु।

**९८.** माथिका कार्यहरु गर्नको लागि कुल ५७ लाख विनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

**९९.** कानुनको शासन, प्रत्येक नागरिको मौलिक हकलाई प्रत्याभूत गराउनको लागि सुरक्षा संयन्त्रलाई समन्वायात्मक ढंगबाट परिचालन गर्न सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन मातहतका कार्यालयहरु बीचमा सहकार्यमुलक भूमिका निर्वाह गरिनेछ।

**१००.** सुरक्षा चौकीलाई आवश्यक भौतिक व्यवस्था मिलाइनेछ।

**१०१.** नागरिक सुरक्षा र जनचेतनाको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई अझ प्रभावकारीताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**१०२.** गाउँपालिका सुरक्षा व्यवस्था सँग सम्वन्धित कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ।

## <u>संघ संस्था साझेदारी कार्यक्रमः-</u>

**१०३.** SIP, साहास नेपाल, र गाउँपालिकाको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

क) साहस नेपालले कार्यान्वयन गर्ने जम्मा बजेट ५० लाख ७८ हजार ३ सय पचास मध्ये गा.पा. ले ३ लाख ७८ हजार ७८० को साझेदारी गर्नेछ।

ख) SIP को ४३ लाख १० हजार गाउँपालिकाले समपुरक कोषको व्यवस्था गरेको छ भने यस कार्यक्रम अन्तर्गत जम्मा ४६ लाख ८८ हजार बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू,

## सुशासन :

**१०४.** जनतालाई पालिका स्तरमा भएका निर्णय र क्रियाकलापहरुको सार्वजनिकिकरण गरिनेछ।

**१०५.** चुस्त दुरुस्त सक्षम कर्मचारी संगठनको व्यवस्था गर्दै जनताका काम छिटो छरितो गरि सम्पादन गर्ने व्यवस्था मिलाइनेछ।

**१०६.** सुशासनलाई प्रवद्धन गर्नको लागि सुचना तथा प्रबिधिलाई प्राथमिकतामा दिइ काम काज प्रशासनको नीति अवलम्बन गरिनेछ।

**१०७.** सुचनालाई प्रविधिले काममा प्रभावकारी वनाउनको लागि E-governance system अपनाइनेछ। यसको लागि सुचना प्रविधिको नयाँ अबधारणाहरु प्रयोगमा ल्याइनेछ र विद्यालय स्वास्थ्य संस्था प्रयटकीय क्षेत्रहरुमा इन्टरनेटको व्यबस्था गरिनेछ।

**१०८.** सुशासनलाई प्रवर्धन गर्नका लागि सुचना प्रविधि कार्यन्वयनको लागि रु ३० लाख वजेट बिनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू

## सामाजिक न्याय तथा सुरक्षा :

**१०९.** लैङ्गिक समानताका लागि सचेतना कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**११०.** घरेलु हिंसा, जातिय विवेद, छुवाछुत सम्बन्धी कुरिती अन्त्यका लागि सचेतना अभिवृद्धि गर्दै तत सम्बन्धी प्रचलित कानुनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**१११.** वालवालिकाहरुको हक अधिकार र संरक्षण सम्बन्धी गतिविधि संचालन गर्दै, वालमैत्री अपाङ्ग मैत्री पुर्वाधार बिकासमा ध्यान दिईनेछ ।

**११२.** समाजमा विधमान अन्य कुरिति घरेलु हिंसा जन्य प्रर्थाहरुलाई क्रमश अन्य गर्दै जान विशेष कार्यक्रम वनाई कार्यान्यन गरिनेछ ।

**११३.** जेष्ठ नागरिकहरुको संरक्षण जेष्ठ नागरिक अपाङ्ग एवं असहाय महिला आदिलाई परिचय पत्रको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

**११४.** महिलाको उत्थान र सम्वृद्धिका लागि सिप मुलक तालिम संचालन गरिनेछ ।

**११५.** संघीय सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तालाई वितरण गर्नका लागि चुस्त रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ । महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**११६.** सुशासनलाई प्रवर्धन गर्नको लागि सुचना प्रविधि मा LGCDP सँगको साझेदारीमा आवश्यक वजेट व्यवस्था गरिनेछ ।

सभाध्यक्ष ज्यू,

**११७.** आ.व. २०७८/७९ का लागि बजेटका आय स्रोतहरु प्रस्तुत गर्न चाहान्छु ।

| | |
|---|---|
| संघीय राजश्व | ५ करोड ६९ लाख १८ हजार |
| प्रदेश राजश्व | २३ लाख ६९ हजार ७ सय १० |
| संघीय समानिकरण | ७ करोड ९० लाख |
| प्रदेश समानिकरण | ४३ लाख ८ हजार |
| संघीय समपूरक | १ करोड ३९ लाख |
| प्रदेश समपूरक | १ करोड |
| संघीय बिशेष | १ करोड २५ लाख |
| संघीय शसर्त | २० करोड ६ लाख |
| प्रदेश शसर्त | ५६ लाख २० हजार |
| आन्तरिक स्रोत | १ करोड ६५ लाख ४ हजार २ सय ९० |
| सामाजिक सुरक्षा | ५ करोड ९० लाख १६ हजार |
| जम्मा | ४६ करोड ७ लाख ३६ हजार |

**सभाध्यक्ष ज्यू,**

आगामी वर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा ४६ करोड ७ लाख ३६ हजार मध्ये चालु तर्फ ३० करोड ६ लाख ४१ हजार ७ सय र पूर्जीगत तर्प १६ करोड ९४ हजार ३ सय विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

यो वजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने आदरणीय अध्यक्ष ज्यु, विषयगत समितिका संयोजक , प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र यो वजेट तयार गर्ने सहयोग तथा सुझाव दिनुहुने सम्पुर्ण सभाका सदस्यप्रति म आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

अन्यमा आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनका लागि यो वजेट कार्यान्वयनको क्रममा सबै पक्षको पुर्ण सहयोग प्राप्त हुने बिश्वास लिएको छु ।

**धन्यवाद ।।**

शान्ता ढुंगेल

उपाध्यक्ष